**कोभिड-१९ को माहामारीको प्रभाव सम्बोधन गर्न ल्याइएका कानुन, मापदण्ड तथा प्रतिकार्य योजनालाई लैङ्गिक उत्तरदायी र समावेशी रूपले सम्बोधन गर्न नेपाली महिलाहरूको अपिल** [1]

कोभिड-१९ को महामारी विरुद्ध नेपाल सरकारका विभिन्न मन्त्रालय, निकायहरू लगायत प्रदेश तथा स्थानीय सरकारले बनाएका कानुन, नीतिगत मापदण्ड तथा प्रतिकार्य योजनाहरूले मानव अधिकारका न्यूनतम मापदण्ड पालना गर्नुपर्ने विषयलाई स्मरण गर्दै गराउँदैं यस्ता कानुन, मापदण्ड तथा प्रतिकाय योजनाहरूलाई लैङ्गिक उत्तरदायी र समावेशी बनाउन आह्वाान गर्दछौं ।

मुलतः नेपालमा पछाडि पारिएका सीमान्तकृत व्यक्तिहरू जस्तैः महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, ग्रामीण महिला, यौन व्यवसायी, अनौपचारिक अर्थतन्त्रमा संलग्नहरू, शरणार्थी, आप्रवासी, आदिवासी, दलित, मधेसी, मुस्लिम र पहिचानपत्र (नागरिकता) नभएका आदिको आवश्यकता र हितलाई अग्रस्थानमा राख्दै समानता, अविभेद एवं समावेशीताका सिद्धान्तहरूलाई पालना गरी कोभिड-१९ को माहामारीको प्रभावलाई सम्बोधन गरियोस् भन्दै हामी महिलावादी सिद्धान्त एवं महिला मानव अधिकारप्रति प्रतिबद्ध संस्था/सञ्जालहरूले संयुक्त रूपमा नेपाल सरकारका साथै सबै सरोकारवालाहरूलाई आह्वान गर्दछौं ।

कोभिड-१९ को माहामारीलाई सम्बोधन गर्न ल्याइएका कानुन, नीति, मापदण्ड तथा प्रतिकार्य योजनाहरू र तिनको कार्यान्वयनले यी समूहहरूलाई थप जोखिममा पर्न नदिन समेत नेपाल सकार लगायत सम्बन्धित निकायहरूको ध्यान जाओस् भन्दै, यस विषयलाई गम्भीरतासाथ ग्रहण गरी विशेष महत्वका साथ सम्बोधन गर्न हामी अपिल गर्दछौं ।

## तत्काल गर्नुपर्ने कार्यहरू

### *१. कोभिड-१९ माहामारीको संक्रमण, उपचार तथा सेवा सम्बन्धी जानकारी लिङ्ग, वर्ग, क्षेत्र, भाषा, जातीयता, भौगोलिक आदि विषयमा संवेदनशील भई विविध भाषामा सम्प्रेषण गर्ने सम्बन्धमा ।*

- कोभिड महामारीसित सम्बन्धित जन-स्वास्थ्य सम्बन्धी सूचना, शिक्षा तथा स्रोत सामग्रीहरू विविध भाषामा (भोजपुरी, मैथिली, तामाङ्ग, नेवारी, थारु, सांकेतिक एवं ब्रेल लिपि तथा आदिबासी आदि) सबैको पहुँच सुनिश्चित गर्न सबैले बुझ्न सक्ने गरी प्रसारण गर्न विभिन्न सञ्चार माध्यमहरूको प्रयोग गर्ने ।
- क्वारेन्टिन, होल्डिङ्ग सेन्टर र भौतिक दूरी आदि बारे सरल भाषा र चित्रहरू मार्फत प्रचार-प्रसार गर्ने व्यवस्था तत्काल मिलाउने ।
- सञ्चार-सामग्रीमा प्रयोग हुने भाषा आदि मार्फत् लिङ्ग, जात, जातीयता आदिका आधारमा हुने सामाजिक असमानता, विभेद, पराम्परागत लैङ्गिक भूमिका आदिलाई पुनर्स्थापित गर्ने तथा बढावा नमिलोस भन्ने सुनिश्चित गर्ने ।
- सञ्चार-सामग्री तयार गर्दा तथा सो को प्रचार-प्रसार गर्दा महिलाको घरायसी कामको बोझ घटाउन सहयोग गर्ने, अपाङ्गता भएका व्यक्तिहरू, बृध्दावस्था, यौनिक तथा लैङ्गिक अल्पसंख्यक लगायत हिंसामा परेकाहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्ने ।
- उद्घाटन, धार्मिक कार्यक्रम, विहे, भोज-भतेर लगायतले संक्रमण बढाइरहेको हुँदा यस्ता क्रियाकलापमा अविलम्ब रोक लगाउने बारे सबै समुदायका मानिसले बुझ्ने भाषाहरूमा सूचना सम्प्रेषण, त्यसको व्यवस्थापन र नियमन गर्ने ।
- भारतसँगको सिमाना जोडिएका स्थानहरूबाट आइरहेका व्यक्तिहरूको मानव अधिकार सुनिश्चित गर्दै सो को व्यवस्थापन, अनुगमन बारे प्रदेश तथा स्थानीय तहको सरकारसँग समन्वय, सचेतना जगाउने तथा प्रचार-प्रसार गर्ने ।

### *२. महिला स्वास्थ्य तथा सफाइकर्मीहरूको विशेष प्रजनन स्वास्थ्य तथा अन्य आवश्यकतालाई सम्बोधंन गर्ने*

कोभिड महामारीको प्रतिकार्य योजना कार्यान्वयनको अग्रपंक्तिमा रहेका महिला स्वास्थ्य तथा सफाइकर्मीहरूले उनीहरूको व्यक्तिगत सुरक्षाका लागि आवश्यक सामग्री (Personal Protective Equipment-PPE) का अतिरिक्त, उनीहरूको महिनावारी सम्बन्धी सरसफाइ, स्वास्थ्य प्रर्बद्धन, मनोसामाजिक परामर्श, आइसोलेसन स्थल, बालबच्चा तथा बृध्दको हेरचाह, स्वास्थ्य विमा, अतिरिक्त भत्ता तथा संक्रमित अवस्थामा उपचारको व्यवस्था अनिवार्य गर्ने ।

### ३. कोभिड-१९ को परीक्षणमा पहुँच बढाउने साथै खोपको सुनिश्चितता तथा स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने

- सरकारले विशेषगरी समुदायमा फैलिने संक्रमण नियन्त्रण गर्नै, परीक्षण तथा कन्ट्राक्ट ट्रेसिङलाई विस्तार गर्ने ।

[1] यसलाई महिला-मैत्री विपद् व्यवस्थापन समूह, अन्तर-पुस्ता महिलावादी समूह, महिला मानवीय तथा विपद् जोखिम न्यूनीकरण मञ्च जस्ता तीन महिला सञ्जालको तर्फबाट यूएन वुमनले सङ्ग्रह गरेको थियो । यस साझामागपत्रलाई दोस्रो वेभको कोरोना फैलिए पछि थप अपडेट गरिएको छ । यी सञ्जाल बारे जानकारी पृ. ६ मा उपलब्ध छ ।

- जोखिममा रहेका वर्गहरू (जस्तैः अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक, महिला यौनिक तथा लैङ्गिक अल्पसंख्यकको सहज र निःशुल्क परीक्षण र खोपको व्यवस्था सुनिश्चित गर्ने । निजी प्रयोगशालामा परीक्षण गरिएको अवस्थामा पनि सो को खर्च सरकारले व्यहोर्ने नीति बनाई तत्काल कार्यान्वयन गर्ने ।
- अक्सिजन, भेन्टिलेटर, प्लाज्मा, लगायत अति आवश्यक औषधी र रगतमा सर्वसाधारणको पहुँच सुनिश्चित गर्न तत्काल आवश्यक व्यवस्था गर्ने । ग्रामीण क्षेत्रका विरामीहरूलाई अस्पतालसम्म पुर्‍याउन एम्बुलेन्सको व्यवस्थापन तत्काल गर्ने ।
- दोस्रो लहर तथा सम्भावित माहामारीलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय क्षेत्रको सहयोग आह्वान गर्न स्वास्थ्य सङ्कटकाल घोषणा गरि युद्वस्तरमा कार्य गर्ने ।

### ४. खानेपानी, सरसफाइ तथा स्वच्छता र आश्रयस्थल सेवामा पहुँच सुनिश्चित गर्ने

शहरी क्षेत्रका सुकुम्बासी बस्ती, दैनिक ज्यालादारी तथा अनौपचारिक क्षेत्रका मजदुर तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरूको स्वच्छ खानेपानी आपूर्ति, सरसफाइका सुविधा, सेल्टरमा पहुँच सुनिश्चत गर्न हात धुने, सामाजिक दूरी कायम गर्ने स्वास्थ मापदण्ड अपनाउन सरकारले सफा पिउने पानी, साबुन, किटाणु नाशक औषधिहरू, ह्याण्ड स्यानिटाइजर तथा शौचालयको व्यवस्था तत्काल गर्ने ।

### ५. देशका विभिन्न स्थानमा अड्किएका दैनिक ज्यालादारी मजदूरहरूका लागि तत्काल र पहुँचयुक्त यातायात सुविधा

सरकारले निशेधाज्ञा गर्ने निर्णय लिएपछि देशका विभिन्न स्थानमा अड्किएका र अलपत्र परेका अनौपचारिक क्षेत्रमा कार्यरत दैनिक ज्यालादारी मजदूरहरू गन्तव्यमा पुग्न स्वास्थ्य मापदण्ड पालन गरी यातायात, खाना, पानीको विशेष व्यवस्था गर्ने । यात्राका क्रममा म्मानजनक व्यवहार गर्न सरोकारवालाहरूलाई निर्देशन दिने ।

### ६ तत्काल आवश्यक कोभिड अस्पताल घोषणा तथा उपलब्ध हुन सक्ने स्वास्थ्य जनशक्ति परिचालन गर्ने

देशभरि संक्रमितको सहज सेवाका लागि छुट्टै कोभिड अस्पतालहरु घोषणा गर्ने । एमडी, एमबीबीएस, नर्सिङ तथा परीक्षा दिनका लागि पर्खेर बसेका वा परीक्षा दिएर बसेकाजस्ता अन्य स्वास्थ्य जनशक्तिलाई स्वास्थ्य इमरजेन्सीमा परिचालन गर्न विशेष नीति ल्याई कार्यान्वयन गर्ने । चिकित्सकहरूको कमी भएका ग्रामीण तथा दुर्गम क्षेत्रहरू लगायतका सम्पूर्ण क्षेत्रमा तत्काल डाक्टर तथा स्वास्थकर्मी परिचालन गर्ने ।

### ७ ब्लाकफंगस तिब्ररुपमा बढरिहेकाले त्यसबारे तत्काल नागरीकलाइ सुसुचित गर्ने र त्यसको दुत प्रभावकारी संबोधन गर्ने ।

### ८ दोस्रो कोभिडको महिला लगायत बहिष्करणमा परेकाहरुमा परेको असर अध्ययन गर्न महिला मन्त्रालय, प्रदेश स्थीत सामाजीक बिकास मन्त्रालय र पालीकाहरुसगं समन्वय गरि तत्काल दुत लैगिंक अध्ययन गर्ने, गराउने ।

## अल्पकालीन कार्यहरू

### १. महिलामाथि थपिँदै गएको घरायसी कार्यबोझको सम्बोधन

- निशेधाज्ञाका कारणले महिलाको विना पारिश्रमिकको घरायसि सेवामूलक कार्यबोझ तथा उनीहरूको शारीरिक तथा मानशिक स्वास्थ्यमा पर्ने नकारात्मक प्रभावलाई कम गर्न अभिभावकत्व/स्याहारको जिम्मेवारीमा बाँडफाँट र घरायसी कामकाजको समतामूलक विभाजनलाई प्रर्वद्धन गर्ने प्रकृतिका सन्देशमूलक सुचनाहरू प्रचार-प्रसार गर्ने व्यवस्था गर्ने ।

- व्यवसायिक महिलाहरूको घरबाटै काम गर्ने (work from home) तथा घर परिवारमा निर्वाह गर्नुपर्ने वहुआयामिक भूमिकाको कारण उत्पन्न मानसिक तनाव तथा स्वास्थ्य सम्बन्धी असरलाई सम्बोधन गर्न सम्बन्धित निजी तथा सरकारी संघ-संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्था लगायतले मनोसामाजिक परामर्श सहयोग लगायत कार्यालयका कार्यबोझ तथा दबाबहरू कम गर्ने नीति अनिवार्य अवलम्वन गरी सोको कार्यान्वयन गर्ने ।

### २. महिला/किशोरी, अपाङ्गता भएका व्यक्तिहरू र विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरू विरुद्ध लैङ्गिकतामा आधारित हिंसा सम्बोधन गर्ने प्रतिकार्य योजना

- निशेधाज्ञाका कारण हिँडडुलमा प्रतिबन्ध लागेसँगै परिवारहरू सानो परिसर भित्र बस्नुपरेको अवस्थामा भोग्नुपर्ने घरेलु हिंसाको सम्बोधनमा ढीलाइ नगरी तत्काल कार्य गर्ने ।

- राष्ट्रिय महिला आयोगद्वारा सञ्चालित टोल-फ्री हेल्पलाइन नं ११९५, नेपाल प्रहरी लगायत संघसंस्थाद्वारा सञ्चालित हटलाइन सेवाहरूलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्ने व्यवस्था सुनिश्चित गर्ने ।
- घरेलु हिंसाका सबै पीडितहरूका लागि आवश्यक हेल्पलाइन, आश्रयस्थल, स्वास्थ्य लगायत अन्य सेवाहरू तथा न्यायमा पहुँचको विषयलाई "अत्यावश्यक सेवा" प्रभावकारी बनाउन आवश्यक कानुन तथा मापदण्डहरू निर्माण गरी लागु गर्ने ।
- पीडितहरूको अनुरोध र फोन कलप्रति संवेदनशील हुन कानुन कार्यान्वयन गराउने निकाय र व्यक्तिहरूलाई सचेत गर्न गराउन निर्देशिकाहरू जारी गर्ने ।
- गुनासो सुनुवाइको अनलाइन उजुरी जस्ता आवश्यक संयन्त्र बनाउन सम्बन्धित आयोगहरूमा सदस्यतामा पुर्णता आएकाले प्रभावकारीरुपमा विशेष पहल गर्ने ।

## ३. रोजगारी गुमाएका महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र बहिष्करणमा पारिएका समूहहरूमा कोभिडको प्रभाव घटाउन सामाजिक संरक्षणका उपायहरू विस्तार गर्ने

- ठूलो संख्यामा महिलाहरू अनौपचारिक क्षेत्र, कृषि र दैनिक ज्यालामा निर्भर रहेका, उड्डयन, पर्यटन, आतिथ्य, साना व्यवसाय र उद्योगहरूजस्ता लकडाउनका कारण प्रत्यक्ष प्रभाव परेका उद्योगहरूमा उल्लेख्य संख्यामा कार्यरत र अनौपचारिक क्षेत्रमा कार्यरत ( खुद्रा व्यापार, उत्पादन, यातायात, उड्डयन, आतिथ्य ) जस्ता क्षेत्रमा कार्यरत महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र बहिष्करणमा पारिएका समूहहरूको सामाजिक सुरक्षाको लागि विशेष कोषको स्थापना गरी सामाजिक सुरक्षाका क्षेत्रहरूलाई विस्तार गर्ने व्यवस्था मिलाउने ।
- सहयोग प्याकेज, परिपूरक भुक्तानी र नगद सहयोग कार्यक्रम मार्फत महिला र बहिष्करणमा पारिएका समूहहरू (महिला घरमुली भएका घरपरिवार, एकल महिला, युवा महिला, वृद्ध महिला, अपाङ्गता भएका महिला, स्वास्थ्य समस्या भएका महिला लगायत अन्य समेत) ले सामाजिक सुरक्षा पाएको सुनिश्चित गर्ने व्यवस्था गर्न। हालको सामाजिक सुरक्षा अन्तर्गत विभिन्न भत्ताहरूलाई अग्रिम भुक्तानी गर्ने गराउने ।

## ४ दीर्घ रोगी, सुत्केरी तथा गर्भवती महिला स्वास्थ्यकर्मीहरूको शुरक्षाको सुनिश्चितता

कोभिड १९ को संक्रमणबाट आफु वच्न र संक्रमितलाई बचाउन स्वास्थ्यकर्मीले पर्याप्त गुणस्तरीय स्वास्थ्य सामाग्री सहित उच्च सतर्कता अपनाउनु पर्ने विषम प्रकृतिको महामारी भएकोले दिर्घरोगी, सुत्केरी तथा गर्भवती अवस्थाका महिला स्वास्थयकर्मीबाट यस रोगको उपचारमा प्रत्यक्ष रुपमा कुनै पनि योगदान हुन नसक्ने वरु प्रत्यक्ष रुपमा उपचारमा संलग्न हुँदा तिनको स्वास्थ्यमा थप जोखिम निम्तने र तिनका गर्भमा रहेको भ्रुण र जन्मेका नावालक शिशुहरुको स्वास्थ्यमा गंम्भिर समस्या श्रृजना हुने भएकोले नेपालको संविधान, मानबीय कानून, मानवतावादी सिद्धान्त र सुरक्षाका सिद्धान्त तथा मापदण्ड समेतको आधारमा दिर्घरोगी, सुत्केरी तथा गर्भवती महिला स्वास्थ्यकर्मीलाई काज तथा विदामा वस्न पाउने हक अधिकार सुनिश्चित गर्न कानुनी व्यवस्था गर्ने।

## ५ महिलाहरूका लागि निम्नलिखित प्रोत्साहन प्याकेज

- नेतृत्व/स्वामित्व भएका लघु, साना र मझौला व्यवसायीहरूलाई कर छुट, धरौटी र ऋण मिनाहा तथा आर्थिक परामर्श दिएर आर्थिक सुरक्षा प्रदान गर्ने
- महिला समूहहरूका लागि बिना धितो ऋण उपलब्ध गराउने
- आयकर दर्ताका लागि अतिरिक्त अवधिजस्ता वित्तीय राहतका उपायहरू अपनाउने
- व्यक्तिगत बैंक ऋण भुक्तानी स्थगन र मासिक किस्ताको सहज पुनर्संरचना आदि व्यवस्थाहरू कार्यान्वयनमा ल्याउने
- सबैका लागि आधारभूत आय (Universal Basic Income) उपलब्ध गराउने
- आप्रवासी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, हिंसा प्रभावितजस्ता सबैभन्दा जोखिममा रहेका समूहहरूका लागि थप आर्थिक सहयोग उपलब्ध गराउने
- आर्थिक सहयोगका प्याकेजले बालबच्चा तथा बृध्द–बृध्दाको स्याहारका प्रावधानजस्ता महिलाका बिना पारिश्रमिक अवैतनिक घरायसी कामको भारलाई ध्यान दिएको सुनिश्चित गर्ने
- अनौपचारिक क्षेत्रका कामदारहरू (घरेलु कामदार, घरमा बसेर काम गर्ने कामदार लगायत) लाई यस सङ्कटको दीर्घकालीन असरलाई जुझ्न सक्ने बनाउन आगामी छ महिनासम्म पन्ध्र-पन्ध्र दिनमा वा मासिक भुक्तानी उपलब्ध गराउने । यस्तो प्रयास यौनकार्य लगायतका अझै बढी लुकेर/अदृश्य स्वरूपमा रहेका काममा संलग्न महिलाहरू, यौनिक तथा लैङ्गिक अल्पसंख्यक लक्षित गर्ने ।
- सबै रोजगारदाता/व्यवसायीहरूलाई आफ्ना सबै कर्मचारी (अस्थायी करार वा परीक्षणकालमा रहेका लगायत) को जे जस्तो करार भए तापनि उनीहरूको तलबी विदा बढाउनका लागि निर्देशन दिने । यो सबै गैर-अत्यावश्यक सेवा क्षेत्रका कामदारहरूका लागि पनि लागू गर्ने ।
- आगामी दिनमा कामदार कटौतीमा पूर्णत प्रतिबन्ध गर्ने कानून तथा नीति बनाउन पहल गर्ने ।
- ठूला व्यवसायहरूले अस्थायी बन्द वा सेवामा कमीका कारण आउने खर्चभार आफैं बेहोर्नुपर्छ भने, साना तथा मझौला व्यवसायहरूलाई उनीहरूले आफ्ना कामदारलाई भुक्तानी गर्न र अन्य अत्यावश्यक खर्च धान्न सक्ने सुनिश्चित गर्नका लागि सरकारले सहयोग आवश्यक उपलब्ध गराउने ब्यवस्था गर्न नीतिगत तथा कानुनी ब्यवस्था गर्ने ।
- सुकुम्बासी बस्ती, अनौपचारिक बस्ती र प्रभावित क्षेत्रमा बसोबास गर्नेहरूका लागि कम्तिमा ६ महिनाका लागि सबै

महसुलमा छुट दिने ।

- कोभिडबाट संक्रमित व्यक्ति वा परिवारलाई (आवश्यकता हेरी) उचित परामर्श, राहत सामग्री वा नगद प्रदान गर्ने तथा जीवीकोर्पाजन र राहत कार्यक्रम ल्याउने ।

## ६. महिला घरमूली भएका घरपरिवार लगायत सबैभन्दा जोखिममा रहेका घरपरिवारको खाद्य सुरक्षा सुनिश्चित गर्ने

- निशेधाज्ञाको समयावधि बढ्दा खाद्यान्न र अत्यावश्यक सामानको आपूर्तिमा धेरै घरपरिवारको पहुँच नहुने भएकोले सो विषयलाई ध्यानमा राख्दै आवश्यकता परेकाहरूलाई वडा कार्यालयबाट खाद्यान्न सहायता बिना विभेद प्रदान गर्न सुनिश्चत गर्ने ।
- यसो गर्दा अन्तरविविधता र त्यसका कारण कोभिड महामारीको फरक फरक प्रभाव पर्न सक्ने विषयलाई ध्यानमा राख्दै गर्भवती महिला, अनाथ, अपाङ्गता भएका ब्यक्ति वा दीर्घ रोग लागेका व्यक्तिका साथै महिला घरमूली, एकल महिला, वृद्ध महिलालाई पनि सरकारले विशेष प्राथमिकताभित्र राख्ने।
- आफ्नो घरबाट बाहिर निस्कन नसक्ने व्यक्तिहरू (उदाहरणका लागिः वृद्ध, एक्लै वा दुर्गम क्षेत्रमा बस्ने अपाङ्गता भएका व्यक्ति) का लागि घरमै स्वस्थ खाद्यान्न/सुख्खा रासन आपूर्ति गरिदिने ।
- खाध्य सुरक्षा सुनिश्चित गर्न महिला किसानले उत्पादन गरेको खाध्यान्नको बिक्री बितरणको व्यवस्था गर्ने ।

## ७. यौन तथा प्रजनन् स्वास्थ्य लगायतका स्वास्थ्य सेवाको उपलब्धता र पहुँच सुनिश्चित गर्ने

- इबोला र भूकम्प लगायत विगतका महामारीबाट प्राप्त प्रमाणले प्रायःजसो प्रकोप नियन्त्रणका प्रयासले गर्भावस्था, सुत्केरी स्वास्थ्य स्याहार र गर्भनिरोधक लगायतका नियमित स्वास्थ्य सेवाबाट सेवाग्राहीलाई आवश्यक स्रोतको विस्थापन गरिदिनुका साथै पहिले नै सीमित पहुँच भएको यौन तथा प्रजनन् स्वास्थ्य सेवामा थप प्रतिकूलता थपिन्छ भन्ने देखाएको छ । अतः कोभिड महामारीको बेलामा पनि सो विषयलाई ध्यानमा राख्दै यौन तथा प्रजनन् स्वास्थ्य सेवा लगायतका स्वास्थ्य सुविधाहरू बिना अवरोध प्रदान गर्ने ब्यवस्था मिलाई मातृ मृत्युदर कम गर्ने ब्यवस्था गर्ने ।
- सबै स्वास्थ्य सेवा केन्द्रहरूलाई कुनै पनि मानिसको स्वास्थ्य विमाको अवस्था, आप्रवासनको अवस्था जेजस्तो भए पनि उनीहरूलाई उचित स्वास्थ्य सेवा प्रदान गर्न निर्देशन दिने ।
- स्वास्थ्य सेवामा पहुँचका लागि बहिष्करणमा पारिएका र जोखिममा रहेका समूहका महिला तथा दलित, जनजाति र धार्मिक अल्पसंख्यक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, रोजगारी गुमाएका, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने विशिष्ट चुनौतीहरूको पहिचान गरी आप्रवासीहरू र परिचय खुल्ने कागजपत्र नभएका व्यक्तिहरूले पनि कुनै भेदभाव बिना उपचारात्मक सेवा खोज्न पाउने अधिकार सुनिश्चित गर्ने ।

## ८. आप्रवासी महिला कामदारहरूका लागि थप सहयोग विस्तार गर्ने

- कोभिड-१९ फैलिनबाट रोक्न गरिएका यात्रा निषेधहरूले गर्दा वृद्ध महिला, साना छोराछोरी भएका महिला लगायत आप्रवासी कामदारहरू विदेशबाट र भारतसित जोडिएको सिमा नाकाहरूबाट देशभित्र प्रवेश गरिरहेका छन् । यी समूहहरूलाई प्राथमिकताका आधारमा सीमाक्षेत्रमा भएका स्वास्थ्य चौकी मार्फत् अत्यावश्यक सेवाहरू (खाना, पानी, आश्रय र सरसफाइ) उपलब्ध गराउने ब्यवस्था गर्ने ।
- नेपाल सरकारले घरेलु श्रमिकलाई विदेशमा काम गर्न प्रतिबन्ध लगाएका कारण कुनै सूचना तथा उद्धार, क्षतिपूर्तिमा पहुँच नहुने हुनाले उनीहरूको प्रतिबन्ध फुकुवा गरी, पुरुष कामदार सरह औपचारिक दर्ता प्रणाालीमा ल्याई घर फिर्ती सुनिश्चीत गर्ने । प्रतिनीधि सभाको उधोग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले २०७६/११/१७ गते घरेलु श्रमिकहरुको बिध्यमान अवस्थाको अनुगमन निरीक्षण गर्न नेपाल सरकार परराष्ट्र मन्त्रालय, श्रम रोजगार तथा सामाजीक सुरक्षा मन्त्राालय लगायताका निकायहरुलाइ प्रतिबन्ध खुकुलो पार्ने तथा उनीहरूलाई पनि कल्याणकारी कोष प्रयोग गरी उद्धार गर्न दिएको निर्णय कार्यान्वयन गर्ने ।
- ठूलो संख्यामा तेस्रो मुलुक तथा भारतबाट नेपालीहरु फर्केकाले पुनर्एकीकरण बृहतरुपमा सचांलन गर्ने ।
- बिदेश स्थीत श्रमिक तथा बिशेष रुपमा महिला आप्रवासी कामदारहरूमा लक्षित सूचना प्रवाह गर्न सरकारले तीनै तहका सरकार/कूटनीतिक नियोग तथा बिदेश स्थीत नेपालीहरु मार्फत सूचना प्रवाह गर्ने ब्यवस्था मिलाउने । सन्देश/सहयोग प्याकेज उपलब्ध गराउँदा प्रतिबन्धका कारण सुचना सहजै पाउन नसक्ने महिलाहरू, उनीहरूका छोराछोरी तथा परिवारलाई प्राथमिकतामा राख्ने निति बनाई कार्यान्वयन गर्ने ।

## *९. समन्वयात्मक संयन्त्रहरूमा महिला संस्थाहरूको सहभागिता र प्रतिनिधित्व बढाउने*

- महिला समूह एवं लैङ्गिकता सम्बन्धी विज्ञहरूको उल्लेखनीय सञ्जालहरूको लाभ उठाउँदै सामाजिक दूरी कायम गर्ने बारेका सन्देशहरू प्रवाह र विस्तार गर्न ती महिला समूह एवं लैङ्गिकता सम्बन्धी विज्ञहरू, महिला डाक्टरहरूलाई समावेश गरि पूर्वतयारी र सामुदायिक प्रतिकार्य योजना तर्जुमा लगायतका प्रक्रियाहरूमा लगायत सरकारका महत्वपूर्ण संयन्त्रहरूमा महिला संस्थाहरूको प्रतिनिधित्व हुने ब्यवस्था प्राथमिकताका साथ लागु गर्ने ।

- क्षेत्रीय स्तरको सार्क कोष लगायतका आकस्मिक कोषहरूको स्थापना र प्रयोग बारेका सूचना सार्वजनिक रूपमा उपलब्ध गराउने व्यवस्था गर्ने ।

### *१० कोभिड-१९ बारे गठित उच्चस्तरीय संयंत्रमा महिला सहभागिता*

संविधानको धारा ३८ मा व्यवस्थित महिलाको समानुपातिक सहभागिताको हकको सुनिश्चितता गरी समावेशी संयन्त्र बनाउन कोभिड-१९ को व्यवस्थापनका सम्बन्धमा गठित उच्चस्तरीय संयंत्रमा विविधतामा आधारित महिला नेतृत्व सहभागिता सुनिश्चित गर्ने ।

## दीर्घकालीन प्राथमिकताहरू

### *१. शीघ्र पुनर्लाभका प्रयासका रूपमा महिलाहरूको आर्थिक सुरक्षा र अधिकार प्रवर्द्धन गर्ने*

- जन-स्वास्थ्य सम्बन्धी आपतकालीन अवस्थामा रोजगारीमा रहेका व्यक्तिहरू र प्रकोप नियन्त्रण भएपछि आफ्नो आम्दानीको स्रोत गुमाउने व्यक्तिहरूलाई सहयोग लगायतका कोभिड-१९ को प्रकोपको असर न्यूनीकरण गर्न र समुदायहरूको पुनर्लाभ एवं भविष्यमा पर्ने जोखिम र आघातहरू विरुद्धको पुनर्उत्थानशिलता विकास गर्न लक्षित आर्थिक सशक्तीकरणका रणनीतिहरू तयार गर्ने र/वा नगद प्रवाह कार्यक्रमको सम्भाव्यता खोजी गर्ने ।
- राष्ट्रपति महिला उत्थान कार्यक्रम तथा प्रधानमन्त्री रोजगार कायक्रम, लगायत अन्य कार्यक्रमहरूलाई समुदायको नविन आवश्यकता अनुरुप बहिष्करणमा पारिएका समूहका महिलाहरू, यौनिक तथा लैङ्गिक अल्पसंख्यकको व्यावसायिक सीप विकास सुनिश्चित गर्ने तर्फ उपयोग गर्न तत्काल एकीकृत योजना बनाइ लागु गर्ने ।

### *२. महिला सञ्जालहरू र समुदायमा आधारित संस्थाहरूलाई सहयोग गर्ने*

- जन-स्वास्थ्य सम्बन्धी आपतकालीन अवस्थामा उत्कृष्ट सेवा उपलब्ध गराउन स्थानीय समुदाय, विशेषगरी महिला समूह र सञ्जालहरूसँग रणनैतिक सहकार्य गर्ने ।

### *३. प्रतिकार्य र पुनर्लाभ सम्बन्धी निर्णय प्रक्रियामा महिला नेतृत्व एवं प्रतिनिधित्व सुनिश्चित गर्ने*

- स्वास्थ्य सम्बन्धी नेतृत्व लगायत स्थानीय, प्रादेशिक र राष्ट्रिय तहका प्रतिकार्य र पुनर्लाभ सम्बन्धी निर्णयहरूमा सविधानको धारा ३८.५ ले निर्देश गरे बमोजिम समानुपातिक महिला सहभागिता एवं प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- सामाजिक अशान्ति र द्वन्द्व निम्त्याउने गरी विद्यमान कमी कमजोरीहरू गहिरिँदै नजाऊन् भन्ने सुनिश्चित गर्न विशेष नीति तथा कार्यक्रम लागु गर्ने । यसका लागि हाल पनि असमानतामा रहिरहेका समुदायहरूलाई संलग्न गराउने उद्देश्यका साथ शान्ति सञ्जालहरूलाई सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्था गर्ने ।

### *४. अत्यावश्यक सेवा र पूर्वाधारका लागि सार्वजनिक प्रावधानमा उल्लेखनीय वृद्धि गर्ने*

कोभिड-१९ को महामारीले धेरैवटा देशमा स्वास्थ्य सम्बन्धी पूर्वाधारमा ठूलो कमी रहेको कुरा उजागर गरिदिएको छ । आगामी दिनहरूमा अत्यावश्यक सेवा र पूर्वाधारका लागि सार्वजनिक सुविधा तथा व्यवस्थामा उल्लेखनीय रूपमा वृद्धि गर्नु र बेरोजगारी सहायता, सामाजिक आवास र सबैका लागि आधारभूत आयजस्ता सबैका लागि सामाजिक सुरक्षा र सार्वजनिक स्वास्थ्य सेवा सुनिश्चित गर्ने तर्फ कदम चाल्ने ।

### ५ स्वास्थ जनशक्तिको दीगो बिकासका लागि इजरायलबाट केयर गिभरका रुपमा काम गरेर फर्केका महिला आप्रवासी श्रमिकहरुलाइ पनि यस्तो राष्ट्रिय संकटमा परीचालन गर्ने नीति अबलम्बन गर्ने ।

### *६. सञ्जालहरू बारे*

महिला मैत्री विपद् व्यवस्थापन समूह (**Women Friendly Disaster Management Group**) महिला नेतृत्व भएका संस्थाहरूको एक अनौपचारिक सञ्जाल हो । यसको गठन २०७२ सालको भूकम्प लगत्तै युएन वुमनको सहयोगमा भएको थियो । विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यका लागि तर्जुमा एवं कार्यान्वयन गरिने नीतिहरूमा लैङ्गिक दृष्टिकोण समेट्न यो समूहको गठन भएको हो भने विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीमा महिलाहरूको ज्ञान, धारणा र अभ्यास अभिवृद्धि गर्नु यसको उद्देश्य रहेको छ । यस

समूहमा महिला सशक्तीकरण, समावेशीकरण, एकल महिला अधिकार, दलित महिला, लैङ्गिक, यौनिक अल्पसंख्यक समुदायका महिला, अपाङ्गता भएका महिला, महिलाका कानुनी अधिकार र सञ्चारजगतमा केन्द्रित परियोजनाहरू कार्यान्वयन गरेको बृहत अनुभव बोकेका महिलाले नेतृत्व गरेका संस्थाहरू समावेश छन् । आफ्ना सदस्य संस्था र सञ्जाल मार्फत सातै प्रदेशमा महिला मैत्री विपद् व्यवस्थापन समूहको प्रतिनिधित्व रहेको छ ।
**थप जानकारीका लागि : चाँदनी जोशी** (chand.joshi@gmail.com), महिला मैत्री विपद् व्यवस्थापन समूहका अध्यक्ष, र **बबिता बस्नेत** (basnetbabita7@hotmail.com, ९८५१०७५३७३), महिला मैत्री विपद् व्यवस्थापन समूहको सचिवालय

अन्तर-पुस्ता महिलावादी मंच (**Inter-Generational Feminist Forum**) विविधता सहितका अन्तर-पुस्ताका महिलावादी नेतृत्वकर्ताहरूको मंच हो । सन् २०१७ देखि सञ्चालन गरिएका "विचार कार्यशाला" Thought Workshop का शृङ्खलाहरू मार्फत् यस अन्तर-पुस्ता महिलावादी समूहको जन्म भएको हो । उल्लिखित विचार कार्यशालाहरू युएन वुमन (UN Women) का सहयोगमा सञ्चालन गरिएको थियो । यस समूहमा सारभूत समानता र समावेशीकरणमा कार्यरत बिभिन्न क्षेत्र र आयामका साथै उमेर समुहका महिलावादी शीध्दान्तमा कार्यरत महिलाहरू हुनुहुन्छ, जो यथास्थीतिलाई बिकास नठानी परीणाममा समानताकालागि कार्यरत हुनुहुन्छ । हाल अन्तर-पुस्ता महिलावादी मंचका सदस्य नेपालका सातै प्रदेशमा कार्यरत हुनुहुन्छ ।
**थप जानकारीका लागि : रीता थापा** (ritathapa.patan@gmail.com, ९८०८४८८०९९) **र शरु जोशी** ( sharu.joshi@gmail.com, **९८५१०१२२६२) साथै** अन्तर-पुस्ता महिलावादी समुहका नेतृत्वकर्ताहरू/महिलावादी अभियन्ताहरू

महिला मानवीय तथा विपद् जोखिम न्यूनीकरण मञ्च (**Women Humanitarian and Disaster Risk Reduction Platform**)को स्थापना सन् २०१९ को मे महिनामा मानवीय सहयोग र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा कार्यरत महिला पेशाकर्मीहरूद्वारा एक अनौपचारिक मञ्चका रुपमा गरिएको हो । मानवीय सहयोग र विपद् जोखिम न्यूनीकरणको क्षेत्रसँग सम्बन्धित अनुभव, असल अभ्यास र ज्ञानहरू आदानप्रदान गर्दै कार्यदलहरू गठन गरेर क्रियाकलापहरू सञ्चालन गर्न यो मञ्चले समय-समयमा छलफल कार्यक्रमहरुको आयोजना गर्ने गर्दछ । हालसम्ममा नागरिक समाजका संस्था, गैसस, संयुक्त राष्ट्रसंघीय निकाय, प्राज्ञिक तथा अनुसन्धानात्मक संस्थाका प्रतिनिधित्व गर्ने महिला पेशाकर्मीका साथै राष्ट्रियदेखि अन्तराष्ट्रिय तहमा स्वतन्त्र रूपमा काम गर्ने पेशाकर्मी/परामर्शदाता लगायत ५० देखि ६० महिला पेशाकर्मी यस मञ्चमा आबद्ध छन् । यस मञ्चको सचिवालय महिला पेशाकर्मीहरूबाट सञ्चालित गैर-सरकारी संस्था, सेन्टर फर डिजास्टर म्यानेजमेन्ट स्टडिज् (CDMS)मा रहेको छ । यस मञ्चले आफ्नो संजाललाई सुदुरपश्चिम प्रदेशमा समेत विस्तार गरेको छ । हालसम्म यस मंचले बिपद जोखिम न्युनिकरण तथा व्यवस्थापनमा महिला नेतृत्व बिकासको सन्दर्भमा कार्यक्रमहरुको आयोजना गर्दै आइरहेको छ।
**थप जानकारीका लागि : शक्ति गुरुङ्ग** (shaktigrg01@yahoo.com, ९८४१७८७७५९)